
# [नश्चित रकम कर कटौती प्राप्त गर्न असमर्थ हुने अपेक्षा गरिएको व्यक्ति] को भत्ता (समायोजन भत्ता) को जानकारी

## [समायोजन भत्ता भनेको] भनेको के हो ?

● अपस्फीतिबिाट पूर्णतया उन्मुक्ती गर्नको लागी बृहत् आर्थिक उपायहरुमध्य बढ्दो मूल्य बृद्धिले मर्कामा परेकाहरु लाई गरिने सहयोगको रूपमा,प्रत्येक करदाता र एउटै परिवारमा बस्ने प्रत्येक आश्रितिको लागि रेइवा ६ सालको आयकरबाट ३०,००० येन र रेइवा ६ सालको लागि व्यक्तिगत निवास करको रुपमा१०,००० येनको आयश्रोतमा "नश्चित रकम कर कटौती" लागू गरिनेछ। (नोट१)
(नश्चित कर कटौतीको लागि उपलब्ध रकम = ४०,००० येन प्रति व्यक्ति)।

● भुक्तानीको समयमा <u>नश्चित रकम कर कटौती प्राप्त गर्न असमर्थ हुने अपेक्षा गरिएको व्यक्ति</u> यो नश्चित रकम कर कटौती प्राप्त गर्न असमर्थ व्यक्ति लाई १०,००० येनको एकाइमा राउन्ड अप गरेर समायोजन भत्ताको रुपमा हिसाब गरी भुक्तानी गरिनेछ (नोट २)。

### < समायोजन भत्ताको चित्र >




भत्ता रकम = ① + ②

<u>①र②को जम्मा रकम लाई १०,००० येनको एकाइमा राउन्ड अप गरेर भुक्तानी गरिनेछ</u>

①:आयकरकबाट कर कटौती प्राप्त गर्न असमर्थ रकम

②:निवास करबाट कर कटौती प्राप्त गर्न असमर्थ रकम

(नोट१) नश्चित रकम कर कटौतीको बारे थप जानकारीको लागि, कृपया राष्ट्रिय कर विभागको वेबसाइट वा आन्तरिक मामिला र सञ्चार मन्त्रालयको वेबसाइट हेर्नुहोस्।

(नोट२) रेइवा ५ सालको करको आधारमा,, भुक्तानी रकम हिसाब गरेनेछ र रेइवा ६ सालको व्यक्तगित निवास कर कर संगठन द्वारा भुक्तान गरिनेछ। रेइवा ६ सालको आयकर रेइवा ५ सालको आयकर भन्दा कम भएको अवस्थामा, रेइवा ६ सालको आयकर निर्धारण गरेपछि भित्ता भुक्तानी रकम थपनि सकिनेछ।

## प्राप्तकर्ता र भुक्तानी रकमको बारेमा

※ भुक्तानी रकम ,व्यक्ति अनुसार तिरिको करको रकममा निर्भर गर्दछ। तल उल्लेख गरिएको एक उदाहरण मात्र हो।

● आयकर र व्यक्तगित निवास कर मध्ये कम्तिमा एउटा कर भुक्तान गरी,
नश्चित रकम कर कटौती रकमलाई प्रभावित हुने पार्नेअपेक्षा गरिएका व्यक्तीहरु योग्य छन्।

● भुक्तानी रकमका विशिष्ट उदाहरणहरू निम्नानुसार छन्।

< उदाहरण१ > यदि एक्लै बसोबास गरेर १०,००० येन आयकर र २०,००० येन (कर कटौती अघि)निवास कर तिर्नु हुन्छ भने
⇒ • आयकरबाट १०,००० येन कर कटौती र निवासी कर आयबाट १०,००० येन कर कटौती हुनेछ।
• **<u>तोकिएको रकमले घटाउन नसकिने आयकरको २०,००० येन समायोजन भत्ताको रूपमा भुक्तानी गरिनेछ।</u>**

< उदाहरण२ > ४ जनाको परिवारको हकमा, जसमध्ये १ले ३०,००० येन आयकर र २०,००० येन(कर घटाउनु अघि) निवासी कर तिरिको छ भने (नोट ३)
⇒ • आयकरबाट ३०,००० येन र निवास कर आयबाट २०,००० येन कर कटौती हुनेछ।
• **<u>तोकिएको रकमबाट पूर्ण रूपमा घटाउन नसकिने आयकरको ९०,००० येन र निवास करको २०,००० येन गरी जम्मा ११०,००० येन समायोजन भत्ताको रूपमा भुक्तानी गरिनेछ।</u>**

(नोट ३) आयकर र व्यक्तगित निवास करको लागि, आश्रित घोषित भएकाहरूले नश्चित कर कटौती र समायोजन भत्ताको हिसाब गर्ने आधारको रूपमा लिइने छ।थप जानकारीको लागि,कृपया राष्ट्रिय कर विभागको वेबसाइट वा आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको वेबसाइट हेर्नुहोस्।

ネパール語

## भत्ताको लागि भुक्तानी प्रक्रिया

सम्बन्धित व्यक्तिहरूलाई निम्न अनुसारको सूचना पठाइनेछ।

- 「सार्वजनिक भत्ता प्राप्त गर्ने खाता」 मा (नोट ४) **दर्ता गरेको** व्यक्ति → 「भुक्तानी **जानकारी** पत्र」
- 「सार्वजनिक भत्ता प्राप्त गर्ने खाता」 दर्ता नगरेको व्यक्ति → 「भुक्तानी **पुष्टि पत्र**」

(नोट ४) 「सार्वजनिक भत्ता प्राप्त गर्ने खाता」 भनेको, माई नम्बरको साथै भत्ताहरू इत्यादिको प्राप्त गर्न लागि दर्ता गरिएको खाता हो।

- 「भुक्तानी जानकारी पत्र」 प्राप्त गरेको व्यक्तिले जानकारी पत्रमा उल्लेख गरे मुताबिक भत्ता प्राप्त गर्नको लागी, **प्रक्रिया अनावश्यक** छ।
- 「भुक्तानी पुष्टि पत्र」 प्राप्त गरेको व्यक्तिले, भत्ता प्राप्त गर्नको लागी, **पुष्टि पत्रको हुलाक मार्फत जवाफ वा अनलाइन आवेदन आवश्यक** छ।

- 「भुक्तानी जानकारी पत्र」प्राप्त गरेको व्यक्तिले, यदि समयसीमा भित्रमा भत्ता परित्याग आवेदन वा भत्ता प्राप्त गर्ने बैंक खातामा कुनै परिवर्तन आदि भएको छैन भने, जानकारी पत्रमा उल्लेख गरे मुताबिक भुक्तानी खातामा भत्ता रकमको भुक्तानी गरिनेछ।
- 「भुक्तानी पुष्टि पत्र」को हुलाक मार्फत जवाफ वा अनलाइन आवेदन दिएको व्यक्तिको, प्रमाणिकरण पछि क्रमशः, भुक्तानी खातामा भत्ता रकमको भुक्तानी गरिनेछ (पुष्टि पत्र लिएको, लगभग ४ हप्तामा भत्ता रकमको भुक्तानी गरिनेछ)。

## अन्य

**「निश्चित रकम कर कटौती प्राप्त गर्न असमर्थ हुने अपेक्षा गरिएको व्यक्ति」 को भत्ता (समायोजन भत्ता रकम)को 「स्थानान्तरण ठगी」 वा 「व्यक्तिगत जानकारी ठगी」 को बारेमा शतर्क हुनुहोस !**

घरमा वा काम आदिमा प्रिफेक्चर, नगर, वडा, गाउँ वा सरकारी कार्यालय(को कर्मचारी) संकास्पद फोन वा पत्र आएमा कृपया आफ्नो नगर, वडा, सहर वा गाउँ नजिकको प्रहरी चौकी वा प्रहरी परामर्श लाइन (#९११०) मा सम्पर्क गर्नुहोस्। साथै, प्रिफेक्चर, नगर, वडा, सहर, गाउँ वा राष्ट्रिय संगठनबाट भएको दाबी गर्ने अप्रत्याशित इमेल प्राप्त गर्नु भयो भने, इमेलमा उल्लेख गरिएको URL खोल्ने, व्यक्तिगत जानकारी प्रविष्टि नगरी कृपया तुरुन्तै यसलाई मेटाउनुहोस्।

### सम्पर्क

उचुनोमिया नगर निश्चित रकम कर कटौती • समायोजन भत्ता कल सेन्टर

「निश्चित रकम कर कटौती प्राप्त गर्न असमर्थ हुने अपेक्षा गरिएको व्यक्ति」 को भत्ता कार्यालय

**0120 - 483 - 049**

choseikyufu_u@cin-group.com

कार्यालय समय : बिहान ९ बजे ～ बेलुका ५ बजे (शनिबार, आइतबार र बिदा बाहेक)

आवेदन दिएपछि,यो QR कोड प्रयोग बाट जाँच गर्न सक्नुहुन्छ।

https://utsunomiya.kyufu-status.jp/

※थप जानकारीको लागि, कृपया उचुनोमिया नगर वेबसाइट वा मन्त्रीमण्डल सचिवालयको भत्ता•निश्चित कर कटौतीको विस्तृत जानकारी पनि हेर्नुहोस्।